श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. ४२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

केही नेपाल ऐनहरूलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना:– केही नेपाल ऐनहरूलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "केही नेपाल ऐन (संशोधन) ऐन, २०३३" रहेको छ।

(२) यो ऐन २०३३ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. केही नेपाल ऐनहरूमा संशोधनः अनुसूचीमा लेखिएका नेपाल ऐनहरूमा सोही अनुसूचीमा लेखिएबमोजिम संशोधन गरिएको छ ।

अनुसूची
(दफा २ संग सम्बन्धित)

क्र. सं.	नेपाल ऐनहरू	संशोधन
१.	राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा ऐन, २०२१	१. दफा ३ को उप–दफा (१) मा रहेको "रू. २,४१५।– दुई हजार चारसय पन्ध्र " तथा "रू. १६१०।– एक हजार छ सय दश " भन्ने अंक र शब्दहरूको सट्टा क्रमशः " दुई हजार छ सय पच्चीस रूपैयाँ" तथा "एक ह... आठ सय रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् । २. दफा ४ मा "रू. ७८०।– सात सय असी" भन्ने अंक र शब्दहरू प्रयोग भएका ठाउँहरूमा त्यस्को सट्टा " आठ सय पचासी रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।
२.	सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा-सम्बन्धी ऐन, २०२६	दफा ३ को उप-दफा (१) मा रहेको "रू. २३००।– दुई हजार तीन सय" तथा "रू. १९५५।– एक हजार नौ सय पचपन्न" भन्ने अंक र शब्दहरूको सट्टा क्रमशः "दुई हजार छ सय पच्चीस रूपैयाँ" तथा "दुई हजार एक सय पचास रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् । दफा २ मा रहेको "रू. १,९५५।– एक हजार नौ सय पचपन्न" भन्ने अंक र शब्दहरूको सट्टा "दुई हजार एक सय पचास रूपयाँ" भन्ने शब्द-हरू राखिएका छन् ।
३.	महालेखापरीक्षकको पारिश्रमिक, सेवाको शर्त तथा पदावधि ऐन, २०२३	दफा ३ को उप–दफा (१) मा रहेको "रू. १९५५।– एक हजार नौ सय पचपन्न" तथा "रू. १७२५।– एक हजार सात सय पच्चीस" भन्ने अंक र शब्दहरूको सट्टा क्रमशः "दुई हजार एक सय पचास रूपैयाँ" तथा "एक हजार नौ सय बीस रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।
४.	लोक सेवा आयोगका सदस्यहरूको पारिश्रमिक,सेवाको शर्त तथा सुविधा-सम्बन्धी ऐन, २०२६	दफा ४ को उप–दफा (१) मा रहेको "रू. १९५५।– एक हजार नौ सय पचपन्न" तथा "रू. १७२५।– एक हजार सात सय पच्चीस"
५.	निर्वाचन आयुक्तहरूको पदावधि, पा-रिश्रमिक र सेवाको अन्य शर्त तथा सुविधासम्बन्धी ऐन, २०२६	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्ने अंक र शब्दहरूको सट्टा क्रमशः "दुई हजार एक सय पचास रूपैयाँ" तथा एक हजार नौ सय बीस रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

६. प्रधान सेनापतिको काम, कर्तव्य, अधिकार तथा सेवा शर्त ऐन, २०२६

दफा ७ मा रहेको "रू. २३००।– दुई हजार तीन सय" भन्ने अंक र शब्दहरूको सट्टा "दुई हजार पाँच सय रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

न्याय प्रशासन सुधार ऐन, २०३१

दफा १८ को उप–दफा (१) मा रहेको "एक हजार नौ सय पचपन्न रूपैयाँ" तथा "एक हजार सात सय पच्चीस रूपैयाँ" भन्ने शब्दहरूको सट्टा क्रमशः "दुई हजार एक सय पचास रूपैयाँ" तथा "एक हजार नौ सय बीस रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

सालमोहर सदर मितिः– २०३३।७।४।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।